# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, असोज १२ गते २०४९ साल (संख्या २५

## भाग ३

### सर्वोच्च अदालतको सूचना

**पुनरावेदन अदालत (दोस्रो संशोधन) नियमावली, २०४९**

पुनरावेदन अदालत नियमावली, २०४८ लाई संशोधन गर्न वान्छनीय भएकोले, न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पुनरावेदन अदालत (दोस्रो संशोधन) नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ११ मा संशोधनः पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ११ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर, मुलुकी ऐन अ.बं. १७ नं. को निवेदन सुनुवाई गर्दा संयुक्त इजलासका न्यायाधीशको मतैक्य नभै बाझिएमा तेस्रो न्यायाधीश समक्ष निर्णयार्थ पेश गरिनेछ ।"

आज्ञाले,<br>
गोपालप्रसाद खत्री<br>
रजिष्ट्रार<br>
सर्वोच्च अदालत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सेन्ट जेवियर्स सामाजिक सेवा केन्द्रहरुले काठमाडौंको युवाहरुलाई वितरणार्थ पैंठारी गर्ने एन्टी ड्रग एब्युज मेसेज अंकित ४०० थान टिसर्टमा लाग्ने भन्सार महसुल एवं बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी चावेलस्थित अनाथालय तथा समाज कल्याण केन्द्र वृद्धाश्रमका बिरामीहरू समेतलाई उपलब्ध गराउन मेशिनरीज अफ् च्यारिटीले सिलगढी भारतबाट ल्याउने तपसिल बमोजिमको खाद्य पदार्थमा लाग्ने भन्सार, महसुल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१ पाउडर दूध– प्रति टिन २५ के. जि. भएको १० टिन

२ प्रोटिन विस्कुट-प्रति टिन १० के. जि. भएको १० टिन

३ वनस्पति तेल– ३.७८५ लिटर टिनको ६ टिन भएको ६ बाकस ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी एशियन भलिबल कन्फिडरेशनले नेपाल भलिबल संघलाई प्रदान गरेको यू. एस. डलर ५००० बराबरको भलिबल खेलसंग सम्वन्धित सामानमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सूर्यबहादुर मानन्धर
उपसचिव

४१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री सूर्यनाथ सुवेदी इण्डोनेशियाको वालीमा हुने विश्व हिन्दू महासंघको बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामति सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री आत्माराम पौडेललाई मिति २०४६।५।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
मधुसूदनप्रसाद गोर्खाली<br>
श्री ५ को सरकारको सचिव

## संसद सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०४६।२।२ को निर्णयानुसार देहायको अधिकृतहरूलाई देहायबमोजिम बढुवा नियुक्ति गरिएको छ ।

| साबिक पद र कार्यालय | हालको पद र कार्यालय |
|---|---|
| १. श्री तोयनाथ भट्टराई ग्याजटेड सिभिल माष्टर, रा. प. तृतीय श्रेणी (प्रा.) नेपाल शिक्षा सेवा टिचिङ्ग (अंग्रेजी) समूह, शिक्षा तथा संस्कृति मन्त्रालय । | सहायक सचिव, राजपत्राङ्कित द्वितीय श्रेणी, नेपाल संसद सेवा, संसद सचिवालय । |
| २. श्री हिमलाल सुवेदी शाखा अधिकृत, रा. प. तृतीय श्रेणी नेपाल प्रशासन सेवा, गृह मन्त्रालय । | " " |

आज्ञाले,<br>
जीवनलाल सत्याल<br>
संसद सचिवालयको महासचिव

492



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४९।५।२९ को निर्णयानुसार यस मन्त्रालय अन्तरगतका देहायबमोजिमका विभाग र संस्थानको नाम देहायबमोजिम परिवर्तन गरेको छ ।

| | साबिकको नाम | हालको नाम |
|---|---|---|
| १ | मुद्रण तथा प्रकाशन विभाग | मुद्रण विभाग |
| २ | प्रेस सूचना विभाग | सूचना विभाग |
| ३ | शाही नेपाल चलचित्र संस्थान | नेपाल चलचित्र विकास संस्थान |

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले सन् १९९३ को वसन्त ऋतुदेखि सुदूर पश्चिमाञ्चल क्षेत्रको देहायबमोजिमको ८ गोटा हिमशिखरहरू विदेशी पर्वतारोहीहरूका लागि खुला गरेको छ ।

| क.सं. | हिमशिखरको नाम | उचाई मिटर। | फिट | हिमश्रृखला | जिल्ला | अक्षांस | देशान्तर |
|---|---|---|---|---|---|---|---|
| १. | आपी, पश्चिम | ७१०० | २३४३० | व्यासऋखो | दार्चुला | ३०.०० | ८०.५५ |
| २. | फर्नकोफ | ६६९७ | २२०९० | सैपाल | बझाङ/हुम्ला | २९.५४ | ८१.२७ |
| ३. | फर्नकोफ, पश्चिम | ६६४५ | २१९३० | " | बझाङ | २९.५३ | ८१.२६ |
| ४. | नम्पा, दक्षिण | ६५८० | २१७१४ | व्यासऋखी | दार्चुला/बझाङ | २९.५८ | ८१.०१ |
| ५. | रक्षा उराई | ६५९३ | २१२६० | उराई लेख | बझाङ | २९.५७ | ८१.०७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | साईपाल,पूर्व | ६८८२ | २२७१० | साईपाल | बझाङ/ हुम्ला | २९.५३ | ८१.३० |
| ७. | सुर्मा सरोवर, उत्तर | ६५२३ | २१५२८ | सुर्मा सरोवर लेख | बझाङ | २९.५१ | ८१.०५ |
| ८. | सो कार्पो | ६५१८ | २१५१० | कान्जिरोवा | डोल्पा | २९.२२ | ८२.४७ |

आज्ञाले,
राममणि मुडभरी
श्री ५ को सरकारको का.मु. सचिव

---

## भूलसुधार

खण्ड ४२, संख्या १६ मिति २०४९।४।१२ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको नियम १ मा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, "२०४९" हुनु पर्नेमा "२०४८" हुन गएको र अनुसूची ७ (ऊ) मा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, "२०४९" हुनु पर्नेमा "२०४८" भएकोले भूलसुधार गरिएको छ ।

सूचना तथा सञ्चार मन्त्रालय ।

४१५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।